# रामगोपालपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामगोपालपुर, महोत्तरी

आर्थिक वर्ष २०८२।०८३ को

# नीति तथा कार्यक्रम र बजेट

CamScanner

# नगर प्रमुख श्री रामदुलार साह ज्यू द्वारा मिति २०८२।३।९ गते रामगोपालपुर नगरपालिकाको १२ औं नगरसभामा प्रस्तुत गरिएको



## आ.व. २०८२।०८३ को निती तथा कार्यक्रम र बजेट

*रामगोपालपुर नगरपालिकाको यस सम्मानित १२ औं नगरसभामा उपस्थित नगर उपप्रमुख, नगर सभाका सदस्य ज्यूहरु, यस गरिमामय नगरसभाका आजका प्रमुख अतिथि मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार तथा विकास मन्त्री माननीय सरोज कुमार यादव ज्यू, मधेश प्रदेश सांसद तथा जनप्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, नगरपालिकाका कर्मचारीहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु, बुद्धिजिवी एवंम् उपस्थित सम्पूर्ण महानुभावहरु ।*

१) स्थानीय सरकार प्रमुखको रुपमा रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट, नीति तथा कार्यक्रम यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभुती गरेको छु ।

२) संघिय लोकतान्त्रीक गणतन्त्रको अभ्यास सम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्दछु ।

३) स्थानीय तहको प्रथम कार्यकाल सफलतापूर्वक सम्पन्न गर्दै नगरपालिकाको सर्वांगिण विकासमा पुऱ्याउनु भएको योगदानका लागी नगरपालिकाका पूर्व जनप्रतिनिधि ज्यूहरुलाई उच्च कदर गर्दछु ।

४) २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्भालेको ३ वर्ष पुरा भएको छ । यस अवधीमा नगरपालिकाको विकास, सु-व्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग, सहाकार्य र समन्वयको लागी रामगोपालपुर नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।



CamScanner

५) "शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार रामगोपालपुर नगरपालिकाको समृद्धिको आधार" नगरपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त नगरवासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिवद्धताहरु पुरा गर्ने दिशामा आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं ।

६) नगरपालिकालाई उत्कृष्ट गणतव्यको रुपमा स्थापित गर्ने, सुकुमवासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर रामगोपालपुर नगरपालिका पहिचान कायम राख्ने र योजनावद्ध शहरिकरण तथा वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकता लिएको छ ।

**चालु आ.व. २०८१।०८२ को नीतिको संक्षिप्त विश्लेषण :**

चालु आर्थिक वर्षका लागी रामगोपालपुर नगरपालिकाको ११ औं नगरसभाबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले नगरवासी र आम जनमानसमा सुधारको अनुभूतीका साथै आशा र भरोसाको सञ्चार गरेको छ । नगरसभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरुले रामगोपालपुरको भविष्यलाई सुनिश्चित गर्ने र मुलुकभरका स्थानीय सरकारका लागी समेत अनुकरणीय बन्न सक्नुपर्ने हुन्छ । ३ वर्षको अवधीमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धी सन्तोषजनक रहेको देखिन्छ । यद्यपी चालु आर्थिक वर्षको नीति विश्लेषण गर्दा शतप्रतिशत कार्यान्वयनमा आउन सकेको भने देखिदैन । नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शतप्रतिशत कार्यान्वयनका लागी संस्थागत क्षमतामा बृद्धि, आवश्यक संस्थागत सयन्त्र तथा कानुनी प्रवन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन, अनुगमन र मुल्यांकन पद्धतीको विकास गर्न आवश्यक देखिएको छ ।

**नगरसभा सदस्यज्यूहरु :**

अब म यस सम्मानीत नगरसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु :



CamScanner

## १) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम :

१) यस न.पा.को नगर प्रमुख ज्यूद्वारा घोषणा गरिएको मधेश प्रदेश भरीको लागी नि:शुल्क एम्बुलेन्स सेवा तथा जन्मदर्ता, मृत्युदर्ता र विवाह दर्ता समेतलाई अगामी दिनहरुमा पनि निरन्तरता दिईनेछ ।

२) यस न.पा.को नगर प्रमुख ज्यूद्वारा घोषणा गरिएको गरिब, विपन्न, असहाय परिवारहरुको विवाह खर्च र कृया खर्च वापत राहत सहयोग कार्यक्रमलाई अगामी दिनहरुमा पनि निरन्तरता दिईनेछ ।

३) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारको नीति अनुरुप प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानको लागी आवश्यक सहयोग पुऱ्याईनेछ । रोजगार सेवा केन्द्रलाई श्रम सूचना बैंकको रुपमा समेत उपयोग गरिनेछ । समान कामको समान ज्यालालाई सुनिश्चित गर्दै कुनै पनि श्रमिकको श्रम शोषण हुन दिईने छैन ।

४) स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना र विपद् पुर्वतयारी एवं प्रतिकार्य योजना निर्माण गरी उक्त योजनाले दिएका सुझावहरु क्रमशः कार्यान्वयन गरिनेछ । विपद व्यवस्थापन कोषलाई सबल बनाई कोषको रकम परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

५) न.पा. भित्र रहेको सम्पूर्ण बजारलाई व्यवस्थित गरी ठेक्का लगाउने प्रकृया अगाडी बढाईनेछ ।

६) मेयरकप क्रिकेट प्रतियोगिता संचालन गर्न आवश्यक बजेटको व्ययवस्थापन गर्नेछ ।

७) दलितहरुको लागी सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।

## क) शिक्षा :

१) सबै सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार, मर्मत संभार, खानेपानी, शौचालय तथा फर्निचर व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

२) स्थानीय भेषभुषा, संस्कृति, परम्परा, रितिरिवाज, चालचलन, धर्म, पेशा, व्यवसाय, धार्मिक स्थल, जातजाती आदिको संरक्षण सम्बर्द्धन तथा ज्ञानका लागी स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठनको व्यवस्था मिलाउने छ ।



CamScanner

३) शिक्षक कर्मचारीहरुको लागी विद्यालयमा विद्युतिय हाजिरी तथा लगबुक अनिवार्य राख्ने व्यवस्था गरिनेछ ।

४) विद्युतिय शिक्षण प्रणाली तथा विद्युतिय व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनका लागी आई.सि.टि. अनुदान प्राप्त विद्यालयहरुमा सहायक कम्प्यूटर अपरेटरको व्यवस्थापन गरिनेछ ।

५) सामुदायिक विद्यालयका शिक्षकहरु मध्येबाट सुचकगत आधारमा उत्कृष्ट छानिएका शिक्षकहरुलाई तथा कक्षा ५ र ८ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र १ र छात्रा १ लाई पुरस्कार तथा सम्मान गरिनेछ ।

६) अगामी वर्षमा साक्षर रामगोपालपुर नगरपालिका वनाउनको लागी आवश्यक पहल लगायतका विशेष कार्यक्रमहरु गरिनेछ ।

७) विद्यालयमा स्वच्छ वातावरण कायम गर्न रुख रोपौं वातावरण जोगाऔं भन्ने नाराका साथ विद्यालयमा वृक्षारोपन कार्यक्रम गरिनेछ ।

८) बाबु, आमा नभएका बालबालिकालाई कक्षा १२ सम्म पोशाक, पाठ्य पुस्तक सहितको नि:शुल्क पठन-पाठन गराईनेछ ।

९) विद्यालयको आन्तरिक परीक्षाहरु मर्यादित र अझ व्यवस्थित गरिनेछ ।

१०) विद्यालय बाहिर रहेको १० देखि १९ वर्षका किशोरीहरुलाई जीवन उपयोगी शिक्षा दिनको लागी पहल गरिनेछ ।

११) कम्तीमा कक्षागत रुपमा शिक्षक संख्या व्यवस्थापन गर्न कार्यरत नगर शिक्षकहरुको निरन्तरता दिनेछ । साथै आवश्यकता अनुसार मा.वि., नि.मा.वि.र आधारभुत तहमा थप नगर शिक्षक भर्ना गर्ने छ ।

१२) आधारभुत तहका शिक्षकहरुको लागी पुनरताजगी तालिमको व्यवस्था गरिनेछ ।

१३) समावेशि शिक्षाको लागी प्रत्येक सामुदायिक विद्यालयबाट एकजना शिक्षकलाई ब्रेललीपीको तालिमको व्यवस्था गरिनेछ ।

१४) मा.वि.विसविट्टीमा संचालित CTEVT बाट अनुमति प्राप्त डिप्लोमा कोर्ष ईन्जिनियरिंग तर्फको लागी आवश्यकता अनुसारको शिक्षकको व्यवस्था मिलाईनेछ ।

१५) विद्यालयको सम्पूर्ण तथ्यांकहरु ईमिस मार्फत अध्यावधिक गर्न/गराउन IEMIS सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१६) सामुदायिक विद्यालयमा कक्षा १ देखि ३ सम्म अध्ययनरत विद्यार्थीहरुको निरन्तर मुल्यांकनका लागी पोलफोलियो विद्यालयहरुलाई उपलब्ध गराईनेछ ।



CamScanner

१७) विद्यालय उमेरका सवै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न/गराउन विशेष जोड दिईनेछ।

१८) शिक्षामा अभिभावकहरुको पहुंच अभिवृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गर्नेछ।

१९) आधारभुत तह (प्रा.वि.) मा कार्यरत नगर शिक्षकको तलब १० प्रतिशत बृद्धि गरिनेछ।

२०) प्रथम नगरस्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन गरिनेछ।

२१) शैक्षिक गुणस्तर, प्रशासनिक दक्षता, पारदर्षि, लेखा प्रणाली समेतका आधारमा उत्कृष्ट विद्यालयहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ। मापदण्ड एवं गुणस्तरमा कमजोर विद्यालयहरुलाई गुणस्तर सुधारका लागी कडा नियमन गर्नेछ।

२२) नगरपालिका भित्रका प्रारम्भिक वालविकास केन्द्रका शिक्षिका, विद्यालय कर्मचारी र लेखापाललाई नेपाल सरकारले निर्धारण गरे बमोजिम नियुन्तम पारिश्रमिकमा नगरपालिकाबाट तोकिएको रकम थप गरी कर्मचारीहरुको मनोवल उच्च बनाईनेछ।

२३) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय तथा उच्च शिक्षामा अध्ययनरत दलित, विपन्न, गरिब, अपांग, असहाय तथा शहिद परिवारका जेहेन्दार विद्यार्थीहरुको लागी नगर प्रमुख छात्रवृत्ति पुरस्कार लागु गर्नेछ साथै छात्रवृत्तिमा एम.वि.वि.एस. अध्ययनरत यस न.पा.को छात्र-छात्रालाई रकम रु.५१,०००।- छात्रवृत्ति पुरस्कार उपलवध गराउने छ।

## ख) सांस्कृति सम्बन्धी नीति तथा कार्यक्रम :

१) महिला हिंसा, बाल हिंसा, बाल श्रम, बाल विवाह, बहुविवाह, दाईजो जस्तो प्रथा उन्मुलनका लागी शैक्षिक संस्थाहरुमा सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

२) यस नगरपालिका भित्र भएका संस्कृतिका सम्पदाहरुका प्रचार प्रसार र संरक्षक सम्वर्द्धन गर्ने नीति ल्याउने छु।

३) बोक्सीको आरोप, धामी झाक्री पिडित, छुवाछुत जस्ता कुरिती विरुद्ध सामाजिक बिभेदलाई पूर्ण रुपमा अन्त्य गर्न आवश्यक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४) जात जाती, लिंग, भाषा, भेषभुषा, धर्मको आधारमा कसैलाई भेदभाव गरिने छैन। गरिएको पाईएमा कानुनी उपचार गरी पिडितलाई तत्काल न्याय प्रदान गरिनेछ।

५) वैदेशिक रोजगारको सिलशिलामा विदेशमा मृत्यु भएमा मृतक परिवारलाई राशत स्वरुप नगरपालिकाबाट रु.७५ हजार प्रदान गर्नेछ।

६) वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको लगत संकलन गरी अध्यावधिक गर्नेछ।



CamScanner

७) भौतिक संरचनाहरु निर्माण गर्दा अपांग मैत् हुनुपर्नेमा जोड दिनेछ ।

८) गरिबी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम अन्तर्गत विभिन्न वडामा शिप विकास तालिम संचालन गर्नेछ ।

९) नगरपालिका क्षेत्रभित्रका सबै जेष्ठ नागरिकहरुको मनोवल उच्च बनाउन कम्वल, झुल र पंखा खरिद गरी नि:शुल्क उपलबध गराईनेछ । साथै अन्य जेष्ठ नागरिक सम्मान जस्ता कार्यक्रम संचालन गर्नेछ ।

१०) महिला तथा यूवाहरुमा सृजनात्मक क्षमताको विकास गरी शिपमुलक र व्यवसायिक तालिम मार्फत स्वरोजगार सृजना गर्नेछ ।

११) बाल अधिकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिलाई पुर्ण पालना गराईनेछ ।

१२) सामुदायिक विद्यालयहरुमा महिला र छात्राहरुको लागी नि:शुल्क सेनेटरी प्याड उपलबध गराउने कार्यलाई निरन्तरता दिनेछ ।

१३) रोजगार तथा बेरोजगारको तथ्याक्त संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गरिनेछ ।

१४) नगरपालिकाभित्र रहेका पर्यटकयि स्थलको संरक्षण र प्रवर्द्धन गर्ने कामलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१५) रोजगारी सृजना गर्न नगरपालिका भित्र रहेको श्रमशक्तिको लगत तयार गरी विभिन्न शिपमुलक तालिम संचालन गरिनेछ ।

१६) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई नगरपालिकाबाट दायरा बढाई थप जनशक्तिलाई रोजगारी दिनेछ । विदेशबाट फर्कका व्यक्तिहरुलाई विदेशमा सिकेको ज्ञान शिपलाई संरक्षण गरिनेछ ।

१७) नगरवासिको आय आर्जन वृद्धिको लागी शिप विकास तालिम, लघुउद्यम र उद्यमसिलता विकासमा जोड दिनेछ ।

१८) न.पा.द्वारा दुर्गा पुजा महोत्सव भव्य रुपमा सम्पन्न गर्नेछ ।

## ग) यूवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम :

१) खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागी खेलकुद मैदान लगायतका खेल पुर्वाधार निर्माण तथा मर्मत संभार गर्नेछ ।

२) प्रथम नगर स्तरीय मेयर कप क्रिकेट प्रतियोगिता संचालन गरिनेछ ।



CamScanner

३) विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रर्वधनात्मक र उपचरात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुन: स्थापनाको प्रवन्ध मिलाईनेछ ।

## घ) लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम :

१) लैगिंक विभेद अन्त्य गर्दै लैगिंक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२) महिला, वालवालिका, अल्पसंख्यक, भुमिहिन, अत्ति गरिव, आदिवासी जनजाती र सामाजिक वहिष्कारमा परेका वर्गको लागी उत्थानशिल कार्यक्रमहरु संचालन गरिनेछ ।

३) पाठेघर सम्बन्धी समस्या भएका महिलाहरुको लागी नि:शुल्क शिविर संचालन गर्नेछ ।

४) महिला उद्यमशिलता विकासका लागी महिलाद्धारा प्रवर्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।

५) लैगिंक हिंसाबाट पिडित व्यक्तिहरुलाई तत्काल राहत उपलब्ध गराउन लैगिंक हिंसा व्यवस्थापन कोषको स्थापना तथा संचालन गर्नेछ ।

## ङ) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम :

१) ६० वर्ष माथिका बृद्धवृद्धाहरुका लागी घरदैलो उपचार कार्यक्रम संचालन गरिनेछ ।

२) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आरोग्य सेवा केन्द्रमा वर्षभरी औषधी तथा औषधीजन्य सामाग्रीहरुको नियमित आपुर्तिलाई निरन्तरता दिईनेछ ।

३) विपत्त तथा महामारी जन्य रोग व्यवस्थापनका लागी आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४) यस न.पा. अन्तर्गत रहेको स्वास्थ्य संस्थाहरुको लागी विभिन्न प्रकारको विद्युतीय सामाग्रीहरु ल्यापटप वा डेक्सटप कम्प्यूटर, प्रिन्टर वाईफाई) जडान गरिनेछ । साथै DHIS2 को रिफ्रेसर तालिमको व्यवस्था गरिनेछ ।



CamScanner

५) स्वास्थ्य सूचना प्रणालीलाई ई- सेवामार्फत प्रविष्ट गर्न आवश्यक सफ्टवेयर जडान गरिनेछ ।

६) प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा संचालन भएको जनस्वास्थ्य प्रयोगशालाको लागि रिएजेन्ट तथा नियमित प्रयोगशाला संचालनको लागि आवरश्यक रकम विनियोजन गरिनेछ ।

७) रामगोपालपुर प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा संचानलमा रहेको जिनस्पर्ट मेसिन लगायत मेडिकल उपकरण मर्मत संभारको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

८) अतिविपन्न नागरिकहरुलाई प्रयोगशाला परिक्षणमा ५० प्रतिशत छुटको व्यवस्था मिलाईनेछ ।

९) सम्पूर्ण नगरवासीहरुलाई ५० प्रतिशतको अनुदानमा स्वास्थ्य बिमा गरिनेछ ।

१०) लक्षित क्षयरोगीहरुको लागि पोषण प्याकेज वितरणकोकार्य तथा TB क्लव संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

११) आमासुरक्षा कार्यक्रमको लागि औषधी, न्यानोझोला, सेवाप्रदायकले पाउने इन्सेन्टिभ रकम तथा सेवा ग्राहीहरुलाई यातायात खर्च भुक्तानी खर्च सर्वसुलभ उपलब्धतालाई निरन्तरता दिईनेछ ।

१२) रात्रीकालीन सेवा संचानल गर्ने करारका नर्सिङ्ग कर्मचारीहरुलाई खाजा खर्च उपलब्ध गराईनेछ ।

१३) महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि दिईरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

१४) नगरका सवै स्वास्थ्य संस्थाहरुलाई स्तारोन्नती र सुधार गर्दै चलायमान गराईनेछ । साथै स्वास्थ्य संस्थामा आवश्यकताको आधारमा संचालन तथा व्यवस्थापन खर्च उपलब्ध गराईनेछ ।

१५) रामगोपालपुरलाई आ.ब. २०८२/०८३ मा पुर्णखोप पालिका घोषणाको सुनिश्चिततालाई निरन्तरता दिईनेछ ।

१६) आधारभूत स्वास्थ्य सेवा संचालनका लागि आवश्यक कर्मचारी करारमा भर्ना गरिनेछ ।

१७) नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ । साथै १ (एक) थान थप नयां एम्बुलेन्स खरिद गरिनेछ ।



CamScanner

१८) क्यानसर रोगी, मृगौला रोगी तथा डाईलाईसिस गराईरहेका रोगीहरुलाई मासिक रु.५,०००। को दरले सर्वसुलभ उपलब्ध हुदै आएको कार्यलाई निरन्तरता दिईनेछ ।

१९) नागरिकको स्वास्थ्य नगरपालिकाको जिम्मेवारी भन्ने नारालाई मनन गर्दै पालिकाबाट प्रदान गर्ने सेवालाई भरपर्दो र व्यवस्थित बनाईनेछ ।

२०) नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह, दिर्घ रोगी जस्ता रोगको निःशुल्क जांच र उपचार अभियानमा मार्फत संचालन गरिनेछ ।

२१) सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२२) नेपाल रेडक्रस सोसाईटीसंग सहकार्य गरी रक्तसंचार सेवालाई सहज तुल्याईनेछ ।

२३) महिला स्वमंसेविकाहरुको दक्षता, विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईनेछ ।

२४) स्वास्थ्य क्लिनीकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गर्नेछ ।

२५) पुर्वाधार पुगेका स्वास्थ्य चौकीहरुमा बर्थिगं सेन्टर स्थापना गर्नुका साथै हाल संचालनमा रहेको बर्थिगं सेन्टर प्रभावकारी संचालनका लागी आवश्यक जनशक्ति, औषधी तथा अन्य उपकरणको व्यवस्था मिलाईनेछ ।

२६) विशेषज्ञ सेवा सहितको वृहत्त स्वास्य शिविर संचालन गर्नेछ ।

२७) स्वास्थ्य संस्थाहरुमा आउने OPD विरामी संख्याको आधारमा स्वास्थ्य संस्थाहरुलाई अनुदान दिनेछ ।

२८) यस नगरपालिकाभित्र ६० वर्ष उमेर सम्म काम गरी स्वास्थ्यको क्षेत्रमा योगदान दिएका महिला स्वमंसेविकालाई सम्मनजनक विदाई कार्यक्रमलाई निरन्तरता दिनेछ ।

२९) सामुदायिक विद्यालयमा अध्ययनरत एवं सम्पूर्ण किशोरीहरुलाई आयरन, फोलिडएसिड वितरण प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

३०) वहुक्षेत्रिय पोषण कार्यक्रमलाई सुदृढ बनाई कुपोषण न्युनिकरण गर्नेछ ।

३१) घरदैलोमा दक्ष स्वास्थ्यकर्मीद्धारा सुत्केरी तथा नव शिशुको जांच सेवालाई प्रभावकारी तरिकाले संचालन गर्नेछ ।

३२) मेयरसंग समुदाय स्वास्थ्य सेवा कार्यक्रम लागु गरी जेष्ठ नागरिकलाई ब्लडप्रेसर जांचको साथसाथै निःशुल्क डायउविटिज (चिनी रोग) को जांच गर्नेछ ।



CamScanner

३३) घरघरमा परामर्श, टोलटोलमा महिला स्वमंसेविका कार्यक्रम संचालन गरी महिला स्वास्थ्य स्वमंसेविकाहरुको मनोवल उच्च बनाउन यातायात खर्च, २-२ बर्षमा झोला र त्रिपाल प्रदान गर्नेछ ।

३४) बर्थिंग सेवा सेन्टरलाई व्यवस्थित गरी मातृ नवजात शिशुको मृत्युदरमा कमी ल्याईनेछ ।

३५) स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाईनेछ ।

३६) अपागंहरुको लागी ह्वईल चेयर बितरण गरिनेछ ।

## २) आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम :

१) सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन विद्युतिय हाजिरी प्रणाली जडान गरिनेछ ।

२) दण्ड र पुरस्कार प्रणालीको अवलम्वन गरिनेछ ।

३) न.पा. र वडा कार्यालयबाट प्रवाह हुने सार्वजनीक सेवालाई चुस्त दुरुस्त, मितव्ययी छिटो छरितो, पारदर्शी जवाफदेही र निस्पक्ष बनाई सरल सहज र क्षमता मुलक पहुचको सुनिश्चितता गरिनेछ ।

४) सेवा प्रवाह कार्यलाई प्रविधि मैत्री बनाईनेछ ।

५) कार्य सम्पादन सम्झौता गरी सम्वन्धीत पदाधिकारी र कर्मचारीलाई जवाफदेही बनाईनेछ ।

६) "कानूनको अज्ञानता क्षम्य हुदैन" भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै रामगोपालपुर नगरपालिकाका ग्रामिण क्षेत्रका सर्वसाधारणमा कानून सम्वन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु अभियानका रुपमा संचालन गरिनेछ ।

७) स्थानीय सरकार संचालनको लागीचाहिने ऐन, नियम, कानुन, निर्देशिका, कार्यविधि, विनियमावलीहरु तयार गरी नगर कार्यपालिकाबाट पारित गराई राजपत्रमा प्रकाशन गरी लागु गरिनेछ ।



CamScanner

८) नगरभित्र रहेको सुरक्षा निकायको भौतिक पूर्वाधार, सवारी साधनको उपलब्धता, दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागी आवश्यक पहल गरिनेछ । स्थानीय सुरक्षा निकाय, सामुदायिक प्रहरी र सरोकारवालाहरुबीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरकृया कार्यक्रमहरु संचालन गरिनेछ । नगर प्रहरीको समन्वयकारी भूमिकालाई प्रभावकारी बनाईनेछ भने बजार, बालआश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा विक्रि वितरण र सेवन, घर निर्माण, सार्वजनीक जग्गाको सांध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासंग सम्बन्धीत विषयहरुलाई प्रचलित कानुनको अधिनमा रही कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराईनेछ ।

## क) उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम :

१) पुरातात्विक महत्वका मठ, मन्दिर, पाटीपौवा र गुठीहरुको संरक्षण र व्यवस्थापनको लागि प्रदेश सरकार र संघीय सरकार संग सहकार्य गरीने छ ।

२) सौतिनिया पोखरी र अन्य पोखरी समेतलाई सौन्दयीकरण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि आवश्यक रणनीति अपनाईने छ ।

३) उद्योग व्यवसायहरुको दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलिकरण र प्रभावकारी बनाईनेछ ।

४) नगरपालिका भित्रका पर्यटकीय स्थलहरु जोडन पर्यटकीय सडक संजाल कार्यान्वियन प्रारम्भ गरिनेछ ।

५) आन्तरिक तथा वाह्य पर्यटनलाई बढावा दिन यस नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागी प्रचार प्रसार, चित्र निर्माण लगायत थप संस्कृति झल्काउने भौतिक पुर्वाधारहरुको विकासलाई निरन्तरता दिनेछ ।

६) नगर क्षेत्रका सबै घरेलु, साना तथा मझौला उद्योगको व्यवसाय दर्ता तथा अभिलेखिकरण गरी विवरण अध्यावधिक गर्नेछ ।



CamScanner

## ख) कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम :

१) पशुपालन तथा कृषी कार्यका लागी दिर्घकालिन योजना तयार गरी कृषी सडक, कृषी विद्युतीकरण तथा स्थानीय स्तरमा सिंचाई प्रणालीको निर्माण गरिनेछ ।

२) जैविक (अर्गेनिक) खेतीलाई प्रोत्साहन गरिनेछ ।

३) कृषी क्षेत्रको आधुनिकिरण र व्यवसायिकरण तथा कृषी उपजको भण्डारण र बजारीकरणको समुचित प्रवन्ध मिलाईनेछ ।

४) कृषी तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमी साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५) यस न.पा.भित्र कृषी उत्पादनको लागी व्यवस्थित गर्न नयां कृषी सडकहरुको निर्माण गरिनेछ ।

६) व्यवसायिक रुपमा काम गरिरहेका किसानहरुलाई नगरपालिकाले गरिरहेको सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७) सहसौला बजारको स्तरउन्नती तथा कृषी बजार सेडको लागी पहल गरिनेछ ।

८) सबै वडामा कृषि बिद्युतीकरण गरिनेछ ।

९) सिंचाईको लागी बांध पैनी जिर्णोद्धार गरिनेछ ।

१०) कृषि सडक निर्माणमा जोड दिई कलभर्ट र तार पोल जडान गरिनेछ ।

११) व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, कोल्ड स्टोर तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गर्नेछ ।

१२) मासु पसल तथा वधशालाहरुको पुर्वाधार स्तरउन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याईनेछ ।

१३) माटो परिक्षण गर्न मिनि माटो परिक्षण प्रयोगशालाको स्थापना गरिनेछ ।

१४) एक घर एक करेसाबारी कार्यक्रम अन्तर्गत कृषक समुह मार्फत वर्षेभरी ताजा तरकारी उत्पादन गर्न र घर वरीपरिको खेर गईरहेको बाझो जमिनको सदुपयोग गर्ने उदेश्यले विशेषगरी महिला कृषकहरुलाई लक्षित गर्दै करेसाबारी स्थापना गर्न कृषि औजार तथा थिउबिजन वितरण गर्नेछ ।



CamScanner

१५) किसान सुचिकरण कार्यक्रमलाई निरन्तरता दिदै सुचिकृत किसानहरुलाई तोकिएको मापदण्डका अधारमा पहिचान गरी कृषि तथा पशुपंक्षी मन्त्रालयको समन्वयमा किसान परिचयपत्र वितरण कार्य सुरु गर्नेछ ।

१६) कृषकहरुलाई आवश्यकताको आधारमा आंप, लिचि, कटहर, अमला, कागती, अनार, आदिको बिरुवा निःशुल्क उपलब्ध गराई आर्थिक उपार्जन कार्यलाई बढावा दिनेछ ।

१७) व्यवसाय कृषकहरुको क्षमता विकासका लागी कृषक व्यवसाय पाठशाला संचालन गर्नेछ ।

१८) खाद्य सुरक्षा जस्ता कार्यक्रमहरु संचालन गर्नेछ र खाद्य सुरक्षा अभिवृद्धिका लागी धान र गहुको उत्पादनलाई थप विस्तार गर्नेछ ।

१९) कृषि तथा पशु जन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरी आत्मनिर्भता तर्फ उन्मुख गराउन प्राकृतिक तथा कृतृम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गर्न गाई भैसि र बाख्रामा नश्ल सुधार कार्यक्रम लागु गर्नेछ ।

२०) कृषकको प्राविधि सेवामा पहुंच पुरयाउने उदेश्यले नगरपालिका भित्रका करिब ५० जना कृषकलाई व्यवसायिक तरकारी खेती सम्बन्धी तालिम संचालन गर्नेछ ।

२१) नवनिर्मित कृषि तथा पशु सेवा केन्द्रको भवनलाई व्यवस्थित गरी संचालनमा ल्याईनेछ ।

२२) "सिंचाईमा लगानी कृषीमा आम्दानी" भन्ने नाराका साथ कृषी विद्युतीकरणलाई विकास गर्दै कृषी विद्युतीकरणलाई विस्तार, निःशुल्क कृषी मिटर, सिंचाई प्रयोजनका लागी लाग्ने विद्युत महशुलमा अनुदान उपलब्ध गराईनेछ ।

२३) कृषि सिंचाइ विद्युतीकरण कार्यको लागि रु१ करोड विनियोजन गरिनेछ।

## ग) सहकारी सम्बन्धी नीति तथा कार्यक्रम :

१) सहकारी संस्थाहरुको संस्थागत, सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागी अनुगमनलाई प्रभावकारी तुल्याईनेछ ।

२) कृषि लगायत विषयवगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाई कठोर रुपमा कार्यान्वयन गर्नेछ ।

३) सहकारीको आर्थिक कारोवारलाई पारदर्शी तथा व्यवस्थीत बनाउन सहकारीहरुलाई विशेष अनुगमनको व्यवस्था मिलाईनेछ ।



CamScanner

४) सहकारी संस्था दर्ता तथा संचालित सहकारीहरुको नियमित अनुगमन र नियमन गर्नेछ साथै नगर क्षेत्रभित्र संचालित सहकारीहरुको अभिलेखलाई व्यवस्थित गर्नेछ ।

५) यस वर्ष वार्षिक रुपमा कम्तीमा १ वटा सामाजिक कार्य गरी त्यसको प्रतिवेदन गर्ने सहकारी संस्थाहरुलाई नगरपालिकाले सम्मान गर्नेछ ।

६) सहकारी संस्थाहरुलाई उत्पादनशील तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशिल गराईनेछ ।

## ३) सूचना तथा संचार सम्बन्धी नीति कार्यक्रम :

१) नगरपालिकाको ऐलानी एवं अव्यवस्थित जग्गा अभिलेखीकरण, सार्वजनीक सम्पत्ती अभिलेखीकरण, घर नक्सा पास, व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा भत्ता वितरण अभिलेख, नगरको जिन्सी अभिलेख जस्ता कार्यहरुलाई पूर्ण रुपमा डिजिटलाइजेशन गरी व्यवस्थित गरिनेछ ।

२) विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थालाई प्राथमिकता दिनेछ ।

३) विद्युतीय हाजिरी मेसिन, डिजिटल नागरिक वडापत्र तथा नगरपालिकाभित्रको वारेमा डिजिटल सूचना बोर्डबाट नागरिकलाई सुचित गर्नेछ ।

४) अनलाईन घटना दर्ता प्रणालीमा जोड दिनेछ ।

५) नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्री बनाईनेछ ।

६) अगामी २ वर्ष भित्रमा नगरपालिकाभित्र वाईफाई जोन स्थापना गरी डिजिटल रामगोपालपुर नगरपालिका घोषणा गर्नेछ ।

७) रामगोपालपुर नगरपालिका मातहतका सबै कार्यालयलाई सूचना प्रविधियुक्त बनाउदै सेवा प्रवाहलाई सूचना प्रणालीसंग आवद्ध गरिनेछ ।

८) सूचना तथा संचारको विकासको लागी नगरका सबै वडामा द्रुत गतीको ईन्टरनेट सुविधा उपलब्ध गराईनेछ ।



CamScanner

## ४) न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम :

१) सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र स्थापना गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी भिकाउने, प्राविधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रकृया संचालन गर्ने कार्य वडा तहबाट हुने प्रवन्ध गरी न्यायलाई छिटो, छरितो र पहुंच योग्य बनाईनेछ ।

२) न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुंच वृद्धि गरिनेछ । हिंसा पीडित महिला, अपागंता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई प्रदेश र संघिय सरकारको सहकार्यमा नि:शुल्क कानुन सहायता उपलब्ध गराईनेछ । विवाद निरुपणमा भेदभावरहित, सहभागिता, जवाफदेहिता र सशक्तिकरण जस्ता पक्षलाई ध्यान दिईनेछ ।

३) न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

४) सभाबाट हाल सम्म निर्माण भएका ऐन, कानुनहरुलाई संग्रहित गरी स्थानीय कानुन संग्रह प्रकाशन गर्नेछ ।

५) न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

## ५) सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम :

१) सार्वजनीक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

२) न.पा.भित्र रहेको गुठी जग्गाहरुको संरक्षण गरी आवश्यक परेमा लिजमा लिईनेछ ।

३) यस न.पा. अन्तर्गत रहेको ९ वटै वडा कार्यालयको लागी प्रदेश लोक सेवा आयोगबाट कर्मचारी मांग गरी सबै वडामा वडा सचिवको पदपुर्ति गरिनेछ ।

४) रामगोपालपुर नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागी आवश्यक नयां कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गरिनेछ ।



CamScanner

५) कृया खर्च र छोरी विवाहमा बिईरहेको राहत सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ र कृया खर्च वापत आर्थिक सहयोगको रकम वृद्धि गरी रु.१०,०००।- पुऱ्याईनेछ ।

६) जनताका समस्या, सुझाव र विकासका सवालहरुलाई सम्बोधन गर्न जनतासंग मेयर कार्यक्रम लागु गरिनेछ ।

७) सबै किसिमको कानुनको किताबहरु तथा स्थानीय सरकारले नीति गत ऐन कानुन, नियमावली, निर्देशिका बनाउने नीति लिईनेछ ।

८) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बांकी वकयौता, पेश्की, बेरुजु सम्बन्धी लगत विवरण अध्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौंट गर्ने कार्य अगाडी बढाईनेछ ।

९) नगरपालिका कार्यालयको मानव संशाधन प्रयाप्त नभएको क्षेत्रमा सम्बन्धीत विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्वन गर्नेछ ।

१०) जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको शिप तथा क्षमता अभिवृधिको लागी आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिई परिणाममुखि बनाईनेछ ।

११) नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्षिता तथा ढिलासुस्तिमा शुन्य सहनसिलताको नीति अख्तियार गरिनेछ र सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनीक स्थानहरुमा नगरपालिकाको तर्फबाट सुझाव पेटीकाहरु राखिनेछ ।

१२) विपन्न र नियुन आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गर्नेछ ।

१३) सेवा ग्राहीलाई सर्वसुलव सेवा प्रवाह गर्ने नीति लिनेछ ।

१४) नगरपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाईनेछ ।

१५) राम्रो काम गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गर्नेछ । गैरकानुनी काम गर्नेलाई कानुन अनुसार कारवाहीको व्यवस्था गर्नेछ ।

१६) रामगोपालपुर नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरु र वडा सचिवहरुले कार्यालय समय भन्दा अघीपछि काम गरे वपात अतिरिक्त सुविधाको व्यवस्था मिलाईनेछ ।



CamScanner

१७) रामगोपालपुर नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई संघिय तथा प्रदेश सरकारको प्रचलित कानुन बमोजिम बढुवा प्रकृया अगाडी बढाईनेछ । निरन्तर रुपमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको उत्प्रेरणा अभिवृद्धिका लागी आवश्यक कार्य गर्नेछ ।

१८) करारका कर्मचारीहरुको आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम म्याद थप गरिनेछ ।

१९) लामो समयदेखि करारमा कार्यरत कर्मचारीहरुलाई न्युनतम आवश्यक प्रकृया पुरा गरी स्थायी गर्ने नीति अवलम्वन गर्नेछ ।

२०) रामगोपालपुर नगरपालिकाको संगठन तथा सर्वेक्षण (O&M) स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ ।

२१) करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अवद्ध गरिनेछ ।

२२) कर्मचारी कल्याण कोषमा योगदान गर्ने कार्यलाई निरन्तरता दिनेछ ।

२३) नगर प्रहरीको प्रभावकारी परिचालन मार्फत नगरको सुरक्षा थप मजबुत बनाईनेछ ।

२४) नगरपालिका र नगरपालिकाका प्रत्येक वडाहरुमा नागरिक वडापत्र राखी स्तरउन्नती गर्नेछ ।

२५) रिड प्रोजेक्टद्वारा निर्माण गरिएको कृषि तथा पशु सेवा केन्द्रको भवन र प्रदेश सरकारद्वारा निर्माण भएको सामुदायिक भवनमा आ.व. २०८२।०८३ मा नगरपालिकाको कार्यालय संचालन गरिने छ ।

६) **बन, वातावरण, जलवायु परिवर्तन तथा विपत्त व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम** :

क) **खानेपानी तथा सरसफाई** :

१) रामगोपालपुर बजार क्षेत्र तथा वडा कार्यालयको सरसफाई कार्यको लागी आवश्यक स्वीपरहरुको व्यवस्था गरिनेछ ।

२) दुर्गा मन्दिर नजिक रहेको शौचालयलाई नियमित रुपमा संचालन गरिनेछ ।

३) न.पा.भित्र संकलन भएको फोहर व्यवस्थापन कार्यको लागी डम्पीगं साईडको आवश्यक व्यवस्था मिलाईनेछ ।

४) न.पा.मा खरिद भएको सेफ्टी टैंकद्वारा नगरपालिकाभरी न्युन शुल्क लिई शौचालय सरसफाई कार्यलाइ निरन्तरता दिईनेछ ।



CamScanner

५) कंचनिमाई पोखरीको डिलमा रहेको अधुरो खानेपानी योजनाको कार्यलाई पुरा गर्न सम्बन्धीत निकायमा पहल गरिनेछ ।

६) सार्वजनीक तथा महत्वपूर्ण स्थानहरुमा डष्टविनको व्यवस्था गरिनेछ ।

७) सडक किनारमा र सार्वजनकि स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गर्नेछ ।

८) खानेपानी तथा सरसफाई योजना लागु गर्नेछ ।

९) एक घर एक खानेपानी पाईपको लागी विस्तृत कार्ययोजना बनाई अघि बढाईने छ ।

१०) रामगोपालपुर चौकमा घुम्ती शौचालयको व्यवस्थापन गरिनेछ ।

११) थप एक थान शेफ्टी ट्यांक गरिनेछ ।

## ख) वातावरण, जलवायु परिवर्तन तथा विपत् व्यवस्थापन :

१) नगर क्षेत्रभित्र रहेको निजी, सरकारी, गैर सरकारी विद्यालय र कलेजको नजिक सुर्तिजन्य पदार्थ तथा मदिराजन्य पदार्थ बेचविखनमा रोक लगाईने नीति लिईनेछ ।

२) विपद्बाट हुने क्षति न्यूनिकरणका लागी तत्काल राहत र उद्धारका कार्यमा जोड दिईनेछ । यस कार्यमा नगरप्रहरी, सहयोगी संस्था र सम्बन्धीत निकायहरुको परिचालनमा जोड दिईनेछ ।

३) बारुण यन्त्र तथा एम्बुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

४) विपत् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गर्नेछ ।

५) पोखरी संरक्षण, विकास पुर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा बृद्धि गर्नेछ ।

६) विपत्, जोखिम न्युनिकरण र व्यवस्थापन र जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपत पुर्व तयार विपत नयुनिकरण प्रतिकार्य र पुनरस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

७) स्थानीय विपत जोखिम नियुनकरण योजनाहलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

८) नगरभित्रको मुख्य तथा सहायक सडकका दायांबायां क्रमशः हरियो बोटविरुवा लगाईनेछ ।



CamScanner

७) भौतिक पुर्वाधार विकास (शहरी योजना), वस्ती विकास, आवास, तथा पुर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम :

१) योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्यांकनमा प्रविधिको अधिकतम प्रयोग गरी नजितामुखि पुजिगत खर्चमा वृद्धि गरिनेछ ।

२) स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनालाई प्राथमिकता प्राप्त योजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

३) सार्वजनिक, ऐलानी, पर्ति, नदी उकास, नदी किनार, नदी करिडोर, गुठी तथा सरकारी जग्गाहरुको लगत अद्यावधिक गरी सोको संरक्षण गरी बनाईएका अनाधिकृत संरचना हटाई खुल्ला क्षेत्रको रुपमा विकास गरिनेछ ।

४) आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

५) भौतिक पूर्वाधार निर्माण कार्यको गुणस्तर नापचांच गर्न आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

६) नगरपालिका भित्रका पोखरीहरुको जिर्णोद्धार गरी ठेक्का बन्दोवस्त गरिनेछ ।

७) वडा नं. ३ स्थित सौतिनिया पोखरीको सौन्दर्यीकरणका लागी आ.व.२०८२।०८३ मा रु. २ करोड १० लाख बजेट विनियोजन गरिनेछ ।

८) यस न.पा.भित्र रहेको विभिन्न अधुरो सामुदायिक भवनको स्तरउन्नती गरिनेछ ।

९) नगरका महत्वपूर्ण स्थानहरुमा नवीकरणीय उर्जा कार्यक्रमबाट सोलार स्ट्रिट प्रणाली जडान गरिनेछ ।

१०) नगर क्षेत्र भित्रका सवै क्षेत्रमा विधुत लाईन विस्तार गरी विद्युत सुविधा उपलव्ध गराईनेछ ।

११) यस न.पा. भित्र पर्ने पसिजवा सिंचाई, खोपी, सिंचाई तथा कटही सिंचाई, औकसी सिचाई आदी सिंचाईहरुको उचित व्यवस्थापन गर्न सम्बन्धीत निकायमा आवश्यक पहल गरिनेछ ।

१२) श्री म.रा.मा.वि. रामगोपालपुरमा भारतीय राजदुतावासद्वारा निर्माण गरिएको अधुरो भवनलाई पुरा गर्न आ.व. २०८२।०८३ मा १ करोड ७५ लाख बजेट विनियोजन गरिनेछ ।



CamScanner

१३) प्रदेश सरकारको सहयोगमा हरिणमरी टोलमा मालतमाईको मन्दिरलाई पर्यटकीय क्षेत्र बनाउने छ ।

१४) वडा नं. ७ मा सामुदायिक भवन निर्माण कार्य गरिनेछ ।

१५) लक्ष्मीपुर वसविट्टी विचमा पर्ने जंघा नदि भुलगें पुललाई मर्मत संभारको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

१६) विश्वमभरपुर र श्रीनगर जोडने भुलंगेपुलको कार्य सम्पन्नको आवश्यक पहल गरिनेछ ।

१७) प्रदेश सरकारको सहयोगमा रामगोपालपुर ७ को जानजागृती आधारभुत विद्यालयमा २ कोठे नयां भवन निर्माण गरिनेछ ।

१८) आवधिक योजना, आवास योजना र वस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

१९) नगरपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन लयाउन सक्ने कुही ठुलो आयोजनाहरु पहिचान गरी नगरपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वयन गर्नेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिनेछैन ।

२०) विगतदेखिका निर्माधाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

२१) मखनिया पोखरीमा नवनिर्मित कोल्ड स्टोर संचालनमा ल्याईनेछ ।

२२) प्रदेश सरकारको सहयोगमा न.पा.को चारै तर्फ प्रवेशद्वार निर्माण गरिनेछ ।

२३) नगरपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गर्नेछ ।

२४) नगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत संभार कार्य सम्पन्न गर्नेछ ।

२५) नगरपालिका क्षेत्रभित्र बन्ने संस्थागत, सार्वजनीक तथा व्यापारिक भवनहरुमा पार्किंगस्थलको व्यवस्थापन अनिवार्य गर्नुपर्ने नीति लिनेछ ।

२६) भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गर्नेछ ।

२७) भवन आंचार संहिताको पूर्ण पालना गर्ने नीति अवलम्वन गर्नेछ । नगरपालिकाभित्र नगरपालिका स्थापना पुर्व निर्माण भएका घर र नक्सा पास विना निर्माण भएका घरहरुको अभिलेखिकरण गर्नेछ ।



CamScanner

२८) संघिय सरकार, प्रदेश सरकार तथा नीति क्षेत्र तथा जनसहभागीताका आधारमा ठुला पुर्वाधार निर्माण कार्य संचालन गर्नेछ।

२९) नगर क्षेत्रलाई क्रमशः ग्रेभल, पिसिसि ढलान, आरसिसि ढलान, कालोपत्रे तथा नाला निर्माण गरी स्तरउन्नती गर्ने कार्यलाई निरन्तरता दिनेछ।

३०) नगर क्षेत्रभित्रका अत्ति आवश्यक भएको स्थानमा हेमपाईप, कलभर्ट तथा जैविक तटबन्ध योजनाको अवस्था हेरी निर्माण गर्नेछ।

३१) नगर पार्श्वचित्र र नगर प्रोफाईललाई अपडेट गर्नेछ।

३२) यस नगरपालिकाका सबै ग्रामिण क्षेत्रमा विद्युतीकरण कार्यलाई व्यवस्थित गर्नेछ।

३३) रामगोपालपुर नगरपालिकालाई सधैं उज्यालो बनाउने नीति लिनेछ। नगरभित्रको सबै विद्युत पोलहरुमा एलईडि बल तथा स्ट्रिट लाईटहरु जडान गर्नेछ।

## ८) राजश्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम :

१) "व्यवस्थित कर प्रणाली, समृद्ध नगरपालिका" भन्ने मुल नाराका साथ राजश्व सुधार योजना कार्यान्वयन गरिनेछ।

२) वडा र नगरबाट संकलन हुने राजश्वलाई व्यवस्थित गरिनेछ।

३) कर चुहावटलाई निरुत्साहित गरिनेछ।

४) कर प्रणालीलाई आर्थिक र सामाजिक न्यायका लागी उपयोग गर्ने नीति लिईनेछ।

५) राजश्व नीतिको माध्यमबाट उद्यमशिलता अभिवृद्धि गरिनेछ।

६) राजश्व प्रणालीलाई प्रविधिमैत्री स्वचालित, पारदर्शी र करदाता मैत्री बनाई स्वेक्षिक र सहभागिता एवं कर परिपालना अभिवृद्धि गरिनेछ।

७) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ।

८) वित्तिय कारोवारलाई पारदर्शि बनाईनेछ।

९) बेरुजु फछ्र्यौटलाई अभियानको रुपमा संचालन गरिनेछ।

१०) योजना तथा कार्यक्रम संचालन गर्दा, सेवा सामाग्री खरिद गर्दा नेपाल सरकारको सार्वजनीक खरिद ऐन, नियमावली तथा आर्थिक कार्यविधि अनुसार गरिनेछ।



CamScanner

११) नगरपालिकाको गत विगत आर्थिक वर्षको बेरुजु मध्ये नियमित गर्नु पर्नेलाई नियमित गरिने, असुल उपर गर्नुपर्ने खालको बेरुजुलाई सम्बन्धीत व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गरिनेछ । नगरपालिकाको बेरुजु न्यून गर्ने तर्फ ध्यान दिईनेछ ।

१२) करको दर संभव भएसम्म न्युनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिनेछ । प्रगतिशिल कर प्रणाली अवलम्वन गरी नागरिकहरुबिच रहेको असमानता न्युनिकरण गर्दै लग्नेछ ।

१३) नगरपालिकाको आन्तरीक राजश्व अभिवृद्धिका लागी करका नयां सम्भाव्य क्षेत्रहरु पहिचान गर्नेछ ।

१४) वडा कार्यालयहरुसंग समन्वय गरी घर वहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गर्नेछ ।

१५) विगतदेखि लिज वा वाहालमा लगाईएका नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानि वहाल रकम पुनरावलोकन गर्नेछ ।

१६) सामुदायिक विद्यालय अन्तर्गतका रहेका पोखरी, बजार क्षेत्रलाई कडाई गरी राजश्व दायरामा ल्याईनेछ ।

१७) नगरपालिकाभित्र रहेका विभिन्न व्यवसायि, उद्योग, कलकारखाना, अस्पताल हरुलाई नगरपालिकामा अनिवार्य दर्ता गरी करको दायराम ल्याईनेछ ।

१८) अनावश्यक खर्च नियन्त्रण गरिनेछ । खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गर्नेछ ।

१९) कर अभियान र कर साक्षरता जस्ता कार्यक्रम संचालन गर्नेछ । साथै वित्तिय अनुशाषनलाई जोड दिनेछ ।

## ८) गैर सरकारी संस्था तर्फः

१) गैर सरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी वनाई सुशासन कायम गरिने छ ।

२) नगर क्षेत्रमा संचालन गर्ने विभिन्न प्रकारका तालिम, सचेतनामुलक कार्यक्रम, विशेष अभियानहरु संचालनका लागि स्थानीय गैरसरकारी संस्थाहरुलाई प्राथमिकता दिईने छ ।

३) नगरपपालिका भित्र आफनो योजना कार्यक्रम संचालन गर्न गराउन चाहने गैरसरकारी संस्थाहरुले नगरपालिकामा सूचिकृत अनिवार्य रुपमा हुनुपर्ने छ ।

४) कर, सचेतना, वातावरणीय, सरसफाई तथा विभिन्न किसिमका सचेतना मुलक कार्यक्रम संचालन गर्नका लागि स्थानीय गैरसरकारी संस्थाहरु संग सहकार्य गरिनेछ ।

## १०) सामाजिक सुरक्षा भत्ता सम्बन्धमा :

१) सामाजिक सुरक्षा भत्ता हाल चार किस्तामा बैंक मार्फत वितरण भईरहेको कुरा विदितै छ । प्रत्येक त्रैमासिक सकेको पहिलो हप्ता देखि भत्ता वितरण हुने कार्यको लागी सेवा प्रदायक बैंक संग समन्वय गरि समयमै भत्ता उपलब्ध गराईने छ ।

२) ९० वर्ष भन्दा माथि तथा अत्ति अशक्त लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वितरण तथा सामाजिक सुरक्षा परिचय पत्र नविकरणको लागि विशेष व्यवस्था मिलाईनेछ ।

***नगरसभा सदस्य ज्यूहरु,***

१) माथि उल्लेखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी नगरपालिकालाई प्राप्त समानीकरण अनुदान, राजश्व बांडफांडको रकम, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक श्रोतको रकमबाट नगरपालिकाको दिगो र सन्तुलित विकास हुनेगरी बजेट, योजना र कार्यक्रम सहितको आय-व्ययको अनुमान नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु । आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ समेत यस गरिमामय नगरसभामा पेश गर्न अनुमति चाहन्छु ।



CamScanner

***अगामी आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रमको सारांश :***

१) अब म चालु आ.ब. २०८१।०८२ को यथार्थ वजेट (आय) प्रस्तुत गर्दछु । रामगोपालपुर नगरपालिकाको चालु आ.ब. २०८१।०८२ मा भएको कुल प्रस्तावित आय ४५,८८,४९,७१५।- गरिएकोमा कुल यथार्थ आय रु.३६,९८,४०,६४३।- रहेको छ । जसमा आन्तरीक श्रोत (अ.ल्या. र मालपोतबाट प्राप्त हुने रकम समेत) को रकम रु.७१,६९,४८३।- र नेपाल सरकारको तर्फबाट रु.३४,२९,२३,३६२।- तथा मधेश प्रदेश सरकारको तर्फबाट रु.१,९७,४७,७९८।- मात्र प्राप्त भएको रकम समावेश रहेको छ ।

***नगरसभा सदस्य ज्यूहरु.***

अब म आर्थिक वर्ष २०८२।०८३ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु :

**बजेटको उदेश्य देहाय बमोजिम रहेको छ :**

१) आर्थिक तथा सामाजिक पूर्वाधारका क्षेत्रमा लगानी बृद्धि गरी गरिबी न्युनिकरण गर्ने ।

२) कृषि क्षेत्रका पुर्वाधारको विकास मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

३) रोजगारीका लागी उद्यमसिलताको विकास गरी रोजगारीको अवसर सृजना गर्ने ।

४) आधुनिक प्रविधिको प्रयोग गरी गुणस्तरीय सार्वजनीक सेवा प्रवाह गर्ने ।

५) बजेट प्रणालीमा सुधार गर्दै सार्वजनीक खर्चको प्रभावकारी उपयोगमा ध्यान दिने ।

**बजेटको प्राथमिकता देहाय बमोजिम रहेको छ :**

१) बजेटले लिएका उदेश्यहरु हासिल गर्नका लागी देहायका प्राथमिकताहरु तय गरेको छ ।

    १) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान ।

    २) आधुनिक र व्यवसायिक कृषि क्षेत्रको विकास ।

    ३) जनताको जीवन स्तर आम्दानी, रोजगारीमा सुधार ।

    ४) सार्वजनीक सेवा प्रवाहमा जनताको सहज, सरल र प्रभावकारी पहुंचको विकास ।



CamScanner

५)	उत्पादन र उत्पादकत्व वृद्धि हुने क्षेत्रको विकास ।

अब अगामी आ.व. २०८२।०८३ का लागि तपसिल बमोजिमको नेपाल सरकार र मधेश प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त, विशेष, समपुरक, तथा राजश्व बांडफांड र आन्तरिक श्रोतबाट प्राप्त हुने राजश्व रकम समावेश भएको रकम सहितको आय अनुमान पेश गर्न अनुमति चाहन्छु ।

## तपसिल

## आ.व. २०८२।०८३ को वार्षिक बजेट विवरण :

| सि.नं. | विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | संघ वित्तिय समानिकरण | ९६१००००० | नौ करोड एकसठ्ठी लाख मात्र । |
| २ | संघ सर्शत अनुदान | १६९८००००० | सोह्र करोड अन्ठानब्बे लाख मात्र । |
| ३ | संघ विशेष अनुदान | ६९००००० | उनहत्तरी लाख मात्र । |
| ४ | संघ समपुरक अनुदान | २३२००००० | दुई करोड बत्तिस लाख मात्र । |
| ५ | संघ राजश्व बांडफांड | ९१२२३४९१ | नौ करोड बाह्र लाख तेईस हजार चार सय एकानब्बे मात्र । |
| ६ | प्रदेश वित्तिय समानिकरण | ६५४९००० | पैसठ्ठी लाख उनान्चास हजार मात्र । |
| ७ | प्रदेश विशेष अनुदान | ३०००००० | तीस लाख मात्र |
| ८ | प्रदेश समपुरक अनुदान | २०००००० | बीस लाख मात्र |
| ९ | प्रदेश राजश्व बांडफांड | ५४०४४१० | चौवन्न लाख चार हजार चार सय दस मात्र । |
| १० | प्रदेश सशर्त अनुदान | ९५००००० | पन्चानब्बे लाख मात्र । |
| ११ | आन्तरीक आम्दानी | २००००००० | दुई करोड मात्र । |
| १२ | मालपोतबाट प्राप्त | ८०००००० | अस्सी लाख मात्र । |
| १३ | अ.ल्या.रकम | २००००००० | दुई करोड मात्र । |
| | जम्मा : | ४६,१६,७६,९०१ | छ्यालिस करोड सोह्र लाख छिहत्तर हजार नौ सय एक मात्र । |

१)	रामगोपालपुर नगरपालिकाको १२ औं नगरसभा सम्म नगरपालिका संचालन र व्यवस्थापनका लागि भए गरेका निर्णयहरु आय व्ययहरु स्वीकृतको लागि प्रस्ताव पेश गरेको छ ।



CamScanner

२) आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम र बजेटको अभिन्न अंगको रुपमा रहेका आय-व्ययको विस्तृत विवरण राजस्व तथा अनुदान प्राप्तीका अनुमान कार्य क्षेत्रगत व्यय अनुमानका लागि पेश गरेको छु।

अन्तमा यो नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशीला खडा हुनेछ। आर्थिक पारदर्शीता, सुशासन, सामाजिक न्याय र समृद्धि कायम हुनेछ। नगरको उत्कृष्ट कार्य सम्पादनको गुणस्तरमा बृद्धि भई रामगोपालपुर उत्कृष्ट नगर सरकारको रुपमा नेपालको मानचित्रमा अकिंत हुनेछ। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। अन्त्यमा नगरको विकासमा योगदान पुऱ्याउनु हुने जनप्रतिनिधिज्युहरु र राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी तथा संघ संस्था, नागरिक समाज, बुद्धिजीवि, संचारजगत्, सुरक्षा निकाय तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु। बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

**प्रस्तुतकर्ता**
**रामदुलार साह**
**१२ औं नगरसभा अध्यक्ष**
**रामगोपालपुर नगरपालिका**
**महोत्तरी**

धन्यवाद ॥



CamScanner